## मानननीय न्यायाधीश श्री सपना प्रधान मल्लको परमादेशको हकमा फरक राय

१) सरकारको काम कारबाही कानूनी शासनको मर्म अनुसार संचालन गर्न लगाई स्वच्छता कायम गर्ने तथा मुलुकमा प्रजातान्त्रिक मूल्य मान्यता कायम गर्दै जनता प्रति सरकारको जवाफदेहिता दिलाउने हेतुले नै संविधानमा स्वतन्त्र र सक्षम संवैधानिक निकायको व्यवस्था गरिएको हुन्छ। यस्तो राज्यको पहरेदारको रुपमा रहेको निकायको पदाधिकारीको नियुक्तिको विवाद लामो समय विचाराधीन भई आज ४ वर्षभन्दा बढी समय व्यतित भएपछि मात्र उक्त विवादको निर्णय यस इजलासबाट गरिरहेका छौं। यस्तो अवस्थामा न्यायपालिकाले अत्यन्त संयमता (Restrain) र गम्भीरता अपनाएर निष्कर्षमा पुग्न जरुरी देखिन्छ। राज्यलाई अन्यौलतातर्फ भन्दा क्रियाशील बनाउन लामो समय अनिर्णय र अनिश्चितताको अवस्थाबाट मुक्त गर्न आवश्यक छ।

२) तसर्थ, रिट निवेदकहरूले माग गरेजस्तो अध्यादेश, संवैधानिक परिषद्को नियुक्ति सिफारिस गर्ने निर्णय, संसदको नियमावली आदि उत्प्रेषणको आदेशले बदर गरिरहनुपर्ने देखिएन। नियुक्ति भईसकेकोको अवस्थामा नियुक्ति रोक्ने प्रतिषेधसमेत जारी गर्नु पर्ने देखिएन। रिट निवेदन खारेज हुने ठहरेसम्म माननीय न्यायाधीशद्वय डा. मनोजकुमार शर्मा र डा. कुमार चुडालको रायसँग सहमत छु। तर परमादेश जारी गर्ने हकमा मेरो फरक राय भएकोले सो भिन्न राय छुट्टै रुपमा व्यक्त गरेको छु।

३) प्रत्यर्थीहरूले विना सुनुवाई नियुक्ति गरेको संविधान प्रतिकूल रहेको प्रश्नमा विचार गर्दा, संवैधानिक पदाधिकारीको नियुक्तिमा पारदर्शिता, उत्तर दायित्व, जवाफदेहिता, संस्थागत सन्तुलन, योग्यतामूलक चयन, सहभागितामूलक लोकतन्त्रको सुनिश्चितता गर्ने उद्देश्यले संसदिय सुनुवाई सम्बन्धी प्रावधान संविधानमा नै राखिएको छ। संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली, २०७५ को नियम २६ को अवस्थामा बाहेक संविधानले संवैधानिक पदाधिकारीको नियुक्तीमा सुनुवाईको अपेक्षा राख्दछ। ऐ. संसदको काम कारबाही नियमावलीको नियम २६ ले सुनुवाई समितिमा प्राप्त नामावलीमा पत्र प्राप्त भएको ४५ दिन भित्र सुनुवाई गरी समय भित्र निर्णय उपलब्ध गराउनु पर्ने र उक्त समयभित्र निर्णय उपलब्ध गराउन नसकेमा सुनुवाईको लागि पठाईएको पदमा नियुक्तिको लागि बाधा नपुग्ने हो। सो व्यवस्थाको अर्थ दुवै अध्यादेश मार्फत नियुक्ति सिफारिस गर्ने अनि संसद विघटन गर्ने अनि सुनुवाई समितिमा पत्र प्राप्त भएको ४५ दिन भित्र सुनुवाई निर्णय उपलब्ध गराउन नसकिएकोले नियुक्ति गर्न बाधा नहुने भन्ने आधारमा नियुक्ति दिन मिल्ने अर्थमा बुझ्न मिल्दैन। असंवैधानिक भएको संसद र नियमित अवधी समाप्त भई सदन नरहेको वा बस्न नसकेको स्थितिलाई र सुनुवाई समिति गठन हुन नसकेको वा सुनुवाई समितिले सुनुवाईको पत्र प्राप्त गरेपनि निर्णय गर्न नसक्ने स्थिति फरक स्थिति हो। यसर्थ संविधान र नियमावलीले स्पष्ट सुनुवाईको व्यवस्था गरेकोमा सो प्रक्रिया पुरा हुने तत्कालको अवस्थामा सम्भावना नै रहेको देखिएन। तर सुनुवाई नगरी नियुक्ति गरिएको कार्यको हद सम्म हाल प्रतिनिधिसभा र राष्ट्रियसभा दुवै क्रियाशिल र सक्षम देखिएकोले हाल कार्यरत प्रत्यर्थी पदाधिकारीहरूलाई यो फैसला भएको मितिले ४५ दिन भित्र संसदीय सुनुवाई प्रक्रियामा लैजानु र हाल कार्यरत रहेका पदाधिकारीहरू संसदीय सुनुवाईबाट नियुक्तिका लागी योग्य ठहर भएमा त्यस्ता पदाधिकारीहरूको कार्यकाल साविकमा नियुक्त भएको मिति देखि नै गणना हुने गरी नियुक्ति शपथको आवश्यक व्यवस्था मिलाउनु भनि परमादेशको आदेश जारी हुने ठहर्छ।

४) संवैधानिक निकायहरू भनेका संविधानबाटै स्थापित गरिएका स्वतन्त्र, निष्पक्ष र जवाफदेही संस्थाहरू हुन्, जसले नागरिकको अधिकारको रक्षा गर्ने, राज्यशक्तिमा सन्तुलन कायम गर्ने र लोकतन्त्रलाई जीवन्त बनाइराख्ने आधारशिला निर्माण गर्दछन्। यी निकायहरूले लोकतन्त्रको रक्षा, सुशासनको प्रवर्द्धन र राज्यशक्तिको सन्तुलनमा जनताको अधिकार संरक्षणमा र राज्यलाई उत्तरदायी बनाउन महत्वपूर्ण भूमिका खेल्दछन्। यस्ता निकायमा नियुक्त गरिने व्यक्तिहरू सक्षम, स्वतन्त्र, निष्पक्ष र निष्ठावान हुन आवश्यक हुन्छ। यी निकायहरूको प्रभावकारी भूमिकाबाट नै सुशासन कायम गर्न र लोकतान्त्रिक मूल्य-

मान्यताको रक्षा गर्न सकिन्छ। तर, केवल कानुनी व्यवस्था मात्र पर्याप्त हुँदैन। विश्वासिलो लोकतन्त्र त्यतिबेला मात्र सम्भव हुन्छ जब यस्ता निकायहरूले इमानदार, सक्षम र स्वाभिमानी नेतृत्व तथा पदाधिकारीहरू प्राप्त हुन्छ। यी सबै संवैधानिक प्रावधानहरू त्यसबेला मात्र सार्थक हुन्छन् जब यस्ता निकायहरूमा नियुक्ति खुला प्रतिस्पर्धा, व्यावसायिकता, योग्यता र ईमानदारीतामा आधारित हुन्छ। तसर्थ भावी संवैधानिक निकायको पदाधिकारीको नियुक्ति प्रक्रिया स्वतन्त्र, सक्षम र व्यवसायिक बनाउन पारदर्शी तरीकाले प्रतिस्पर्धा गर्न र नियुक्ति सिफारिस प्रक्रिया अगाडि बढाउनु भनी प्रत्यर्थीको नाउँमा यो परमादेश जारी हुने ठहर्छ।

५) यति गम्भीर प्रकृतिको मुद्दा जहाँ सम्पूर्ण संवैधानिक आयोगको समग्र नियुक्तिको वैधानिकतामा प्रश्न उठाइएको छ। निर्णय समयमा गरेको भए वान्छित अवान्छित परिणाम जे आएता पनि अनिश्चित प्रक्रिया र परिणाम लामो समयसम्म रहँदैन थियो। न्याय गर्नु भनेको समयमा निर्णय गर्नु पनि हो। प्राथमिकताका साथ समयमा निर्णय गर्नुपर्ने गम्भीर र महत्वपूर्ण विषयमा साढे चार वर्ष लामो समय निर्णय नगरी राख्दा न त संवैधानिक निकाय जस्तो संविधान कार्यान्वयनमा महत्वपूर्ण भूमिका खेल्ने निकाय खुलेर काम गर्न सक्छ, न त अदालत आफ्नो दायित्व प्रति जिम्मेवारी भएको देखिन्छ। न्यायको याचिकाहरूलाई आशाको ज्योति जगाउन अनूचित विलम्ब हुँदैन भन्ने आश्वासित गर्न जरुरी छ। आफ्नै सतर्कताको निमित्त यस्तो प्रकृति दोहोरिन दिनु हुँदैन भनी यो आत्मलोचना गरेको छु।

६) प्रस्तुत संक्षिप्त आदेशको जानकारी प्रत्यर्थीहरूलाई दिनु। आदेशको पूर्णपाठ पछि तयार गरिनेछ।

सपना प्रधान मल्ल

न्यायाधीश